रो. अ. वि. के / श्र. ब. सू./ २२

# श्रम बजार सम्बन्धी सूचना

(हेटौंडा नगर पंचायत र यसको नजिकको गाउँ पंचायतहरूमा जनशक्ति र तालीम आवश्यकता बारे अध्ययन प्रतिवेदन)

000016

Nepal National Library

श्री ५ को सरकार

श्रम तथा सामाजिक कल्याण मन्त्रालय

श्रम विभाग

## रोजगार अनुसन्धान तथा विकास केन्द्र

पुतली सडक, काठमाडौं

फो. नं. ४-११३८०

२०४३

Re
331.12
RC3
083

G N° ६६९

रो. अ. वि. के / श्र. ब. सू./

# श्रम बजार सम्बन्धी सूचना

(हेटौंडा नगर पंचायत र यसको नजिकको गाउँ पंचायतहरूमा जनशक्ति र तालीम आवश्यकता बारे अध्ययन प्रतिवेदन)

Nepal National Library
000016

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालय

## श्रम विभाग

# रोजगार अनुसन्धान तथा विकास केन्द्र

पुतली सडक, काठमाडौं
फो. नं. ४-११३८०
२०४३

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| **परिच्छेद I** | |
| भूमिका | क |
| अध्ययनको उद्देश्य | क |
| सर्वेक्षण विधि र अवधि | ख |
| सुझावहरू | ख |
| **परिच्छेद II** | |
| जिल्ला परिचय | १ |
| रोजगार स्वरूप | ४ |
| रोजगार वृद्धिमा परेका कठिनाईहरू | ८ |
| गैर नेपालीहरूको संलग्नता | १० |
| जनशक्तिको आवश्यकता | ११ |
| जनशक्तिको आपूर्ति | १२ |
| निष्कर्ष | १४ |


000016

Nepal National Library

## दुई शव्द

कुनै पनि देशको आर्थिक विकासमा शिपयुक्त जनशक्तिले ठूलो भूमिका खेल्न सक्तछ । देशमा विद्यमान शिपयुक्त जनशक्ति कति छ र भविष्यमा संचालन हुने विकास निर्माण र उत्पादन कार्यमा अझ कति जनशक्तिको आवश्यकता पर्दछ भन्ने कुराहरूको विस्तृत र वास्तविक तथ्यांकको अभावमा योजना तर्जुमा गर्न अप्ठ्यारो पर्न जान्छ । त्यसैले यस्ता विवरणहरू आवश्यकता प्रति दिन वढ्दै जानु स्वभाविकै हो । यसै तथ्य लाई महसूस गरी श्रम विभागको रोजगार अनुसंन्धान तथा विकास केन्द्रले विभिन्न जिल्लाहरूको वजारको स्थिती पैत्याई जनशक्ति र तालिमको आवश्यकता संम्वन्धि अध्ययन गर्दै प्रतिवेदनहरू तयार पार्दै आइरहेको छ । प्रस्तुत प्रतिवेदनमा हेटौडा नगर पंचायत क्षेत्र र यसको आस-पासको गाउं पंचायतहरूमा जनशक्ति र तालिमको आव आवश्यकता वारे अध्ययन गरी सो संम्वन्धि त्यंहाको स्थितीको जानकारी गराउने कोशिस गरिएको छ । जनशक्ति संम्वन्धि विषयमा चाख राख्नेहरूलाई यस प्रतिवेदनले उपयुक्त सघाउ पुर्‍याउने छ भन्ने मलाई विश्वास छ ।

यो प्रतिवेदन तयार पार्ने शिलशिलामा केन्द्रका अर्थशास्त्री श्री सुभाष राज पाठक, ना.सु. श्री वीरेन्द्र कुमार माझी र टाइपिष्ट श्री सानु राजा महर्जनका साथै शर्वेक्षण कार्यमा सहयोग पुर्‍याउने सबै लाई धन्यवाद दिन चाहन्छु ।

(हरी प्रसाद पोखरेल)
महा- निर्देशक
श्रम विभाग

## १. भूमिका :-

देशको आर्थिक विकासमा शिपयुक्त जनशक्तिको महत्वपूर्ण भूमिका खेल्न सक्ने तथ्य लाई सबैले स्विकारि आएका छन । शिपयुक्त जनशक्ति देशको लागि वरदान सावित हुन्छ तर शिप विहिन व्यक्ति देशको लागि बोझ मात्र हुन्छ । हाम्रो देशमा शिपविहिन वेरोजगारहरू पर्याप्त मात्रामा छन भने आर्थिक विकासको लागि संचालित विकास आयोजनाहरूमा आवश्यक पर्ने शिपयुक्त जनशक्ति अभाव महसूस गरिएको छ । अत: शिपयुक्त जनशक्तिको अभावमा नै नेपालीहरूको संलग्नता दिन प्रति दिन वढी रहेको देखिन्छ ।

वढी से वढी नेपालीहरूलाई उत्पादन शिल कार्यमा संलग्न गरि रोजगार मूलक वनाई उनीहरूको क्रय शक्ति वढाउने श्री ५ को सरकारको योजनाहरूको उद्देश्य रहि आएको छ अत यस राष्ट्रिय उद्देश्य पुर्तिको लागि देशमा उत्पादन-शिल कार्यहरूको निमित्त आवश्यक पर्ने जनशक्ति र तालिम आदि वारे विस्तृत जानकारी हासिल गर्न आवश्यक देखिन्छ । श्रम विभाग रोजगार अनुसंधान तथा विकास केन्द्रले विभिन्न जिल्लाहरूमा संचालित उद्योग प्रतिष्ठानहरू तथा अन्य गैर कृषि कार्यको लागि आवश्यक पर्ने जनशक्ति र तालिम आवश्यकता वारे अध्ययन गर्दै श्रम वजार सम्वन्धि सूचनाहरूको प्रतिवेदन तयार गर्दै आएको छ । आ.व. २०४३ ।०४४ मा नारायणी अंचलको मकवानपुर जिल्लामा जनशक्ति र तालिम आवश्यकता वारे अध्ययन गरिएको थियो । यस प्रतिवेदनमा हेटौडा र यसको नजिकको श्रम वजार सम्वन्धि सूचनाको उल्लेख गरिएको छ ।

## २. अध्ययनको उद्देश्य :-

(१) हाल विद्यमान आवश्यक र निकट भविष्यमानै आवश्यक पर्ने जनशक्ति वारे जानकारी गर्न ।

(२) रोजगारका अवसरहरू वृद्धि गर्न अवरोधका रूपमा रहेका तत्वहरू पत्ता लगाउन ।

(३) ग्रामिण र शहरी क्षेत्रमा श्रम वजारको सूचना स्थायी रुपमा व्यवस्था गर्न ।
(४) संचालित उद्योग प्रतिष्ठानहरूमा गैर नेपालीहरूको संलग्नता वारे जानकारी लिने ।
(५) आवश्यक जनशक्ति वारे सम्वन्धित विकास र तालिम केन्द्रहरूलाई आवश्यक जानकारी दिन ।
(६) ग्रामिण क्षेत्रमा आवश्यक शिप वृद्धि तालिम पत्ता लगाउन ।
(७) उद्योगहरूमा संलग्न जनशक्तिको सहि तथ्यांक पत्ता लगाउन ।

३. शर्वेक्षण विधि र अवधि :-

यो प्रतिवेदन तयार पार्नको लागि दुई वेग्ला वेग्लै प्रकारका प्रश्नावलीहरू प्रयोग मा ल्याइएका थिए । शर्वेक्षणको समयमा शर्वेक्षण टोली प्रत्येक उद्योग प्रतिष्ठानहरू मा पुगी तथ्यांक संकलन गरेको थियो । हाल जिल्लामा रोजगारको स्थिती, आवश्यक जनशक्ति, तालिमको आवश्यकता, वजार र शिप विकास आदि सम्वन्धमा जिल्लाका जि ल्ला सभापति, उप सभापति, नगर पंचायतका प्रधान पंच, उप प्रधान पंच, वडा सदस्य, शिक्षक, स्थान सँग परिचित व्यक्तिहरू सम्पर्क राखि प्रत्यक्ष कुरा कानीको माध्यम द्वारा नमूनाको रूपमा तथ्यांकहरू संकलन गरिएको थियो । हेटौंडा नगर पंचायत र यसको नजिकको गाउँ पंचायतहरूमा श्रम वजार सम्वन्धि सूचनाहरू संकलन गर्न करिव ३० दिन लागेको र यस कामको लागि जम्मा २ जना कर्मचारीहरू संलग्न भएका थिए ।

४. सुझावहरू :-

शर्वेक्षण अध्ययन वाट प्राप्त तथ्यांक र अन्य सूचनाहरूको आधारमा शर्वेक्षण टोलीले निम्न सुझावहरू प्रस्तुत गर्दछ ।

(१) गैर कृषि व्यवसायमा रोजगारीका अवसरहरू सिर्जना हुन नसकेको र सिर्जना भएका अवसरहरूमा पनि नेपालीहरूमा काम सम्वन्धि ज्ञानको अभावले गैर नेपाली हरूले फाइदा उठाइरहेका छन तसर्थ भविष्यमा सिर्जना हुने रोजगारीका अवसरहरू

नेपालीहरू लाई नै उपभोग गर्न सक्ने सदाम वनाउनेको लागि आवश्यक शिप सम्वन्धि तालिमको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(२) संचालित उद्योग प्रतिष्ठानहरूको लागि आवश्यक कच्चा पदार्थ भारत र तेस्रो मुलुकवाट समेत आयात गर्नु पर्ने र आयात लाईसेन्सको लागि सम्वन्धित निकायवाट दिक्का सुस्ति हुने र केहि उद्योगहरूको सहायक उत्पादनको माग ज्यादै सिमित मात्र भएको हुँदा सम्वन्धित निकायवाट उपरोक्त समस्याहरू हटाउनको लागि कदम चाल्न जोड दिइन्छ ।

(३) उत्पादनशिल उद्योग प्रतिष्ठानहरूमा आवश्यक उच्च स्तरिय प्राविधिक जनशक्तिको अभाव भएको देखिन्छ । यसमा केहि उद्योग प्रतिष्ठानहरूमा गैर नेपालीहरूको संलग्नता देखिन्छ । अत: सम्वन्धित निकायले यस्ता उच्च स्तरिय प्राविधिक आपूर्ति गरि दिनु पर्ने देखिन्छ ।

(४) यस क्षेत्रका उद्योगहरूमा माग भएको जनशक्ति र हेटौंडा श्रमिक आपूर्ति केन्द्रवाट उत्पादित जनशक्तिमा सामन्जस्य नदेखिएको हुनाले सम्वन्धित निकायले उच्च स्तरिय प्राविधिक शिक्षामा जोड दिनु पर्ने देखिन्छ ।

(५) विजुलीको गडवढिले गर्दा ठिक समयमा मेशिन चलाउन नसकिने जसले गर्दा उत्पादन र रोजगारीमा समेत नकारात्मक असर पर्न जाने हुँदा सम्वन्धित निकायले समयमा विजुलीको आपूर्ति गरि दिनु पर्ने कुरामा जोड दिइन्छ ।

(६) केहि वस्तुहरू जस्तो चप्पल,कपडा आदि वाहिर वाट अनियन्त्रीत रूपमा आयातहुने हुँदा यस क्षेत्रमा संचालित कपडा र चप्पल उद्योगहरूलाई आयातवाट प्रतिस्पर्धा परिरहेको छ । सम्वन्धित निकायले ती वस्तुहरूको आयात लाइसेन्स दिदा सिमित गर्नु पर्ने कुरामा जोड दिइन्छ ।

(७) मकवानपुर जिल्लामा वहुसंख्यक वासीन्दाहरू ग्रामिण क्षेत्रमा वसोवास गरिरहेका र उद्योग तथा गैर कृषि व्यवसायको विकास शहरी क्षेत्रमा मात्र हुदै गएकोले ग्रामिण तथा घरेलु उद्योगवारे ग्रामिण क्षेत्रमा प्रचार प्रसार गर्नुको साथै ग्रामिण जनताहरूलाई

उद्योग खोल्ने तर्फ उत्साह दिनु पर्ने सुझाव गरिन्छ ।

(८) संचालित उद्योग प्रतिष्ठानहरूमा गैर नेपालीहरूको प्रवाह र संलग्नता कम गर्दै लानको लागि अप्रेन्टिस तालिमलाई श्रम विभागको अभिन्न र शसक्त अभियानको रूपमा संचालन गर्नु पर्ने देखिन्छ ।

(९) जिल्ला स्थित फर्निचर र कटेरा उद्योगहरूलाई सम्बन्धित निकायले सुलभ तरिकाबाट काठ र दाउरा उपलब्ध गराउनु पर्ने सुझाव पेश गरिन्छ ।

२. जिल्ला परिचय :-

नारायणी अंचलका विभिन्न जिल्लाहरु मध्ये मकवानपुर जिल्ला पाहाड र समथर भाग मिलेर बनेको छ । यो जिल्लाको उत्तरमा धादिङ्ग,काठमाडौं,ललितपुर, पश्चिममा चितवन तथा पूर्वमा जनकपुर सिन्धुली र सर्लाहि जिल्लाहरु पर्दछन । यस जिल्ला पुर्वी भागमा वागमती नदि र पश्चिममा मनहरा खोलाले यसको साध वनाएका छन । जिल्लाको भौगोलिक दृष्टिकोणले हेर्दा यहां पहाडी र समथर प्रदेश दुवै थरिका हावापानी पाइने जीव जन्तुहरु तथा फलफुलहरु पाइन्छन । यहां समुन्द्र सतहबाट करिव ३५० मिटर अग्लो मैदान देखि करिव २,७४३ मिटर अग्लो महाभारतका चुचुरा हरु पाइन्छन । राप्ती,करा,वकैया,कुलेखानी,पालुङ,टिष्टुङ यहांका मुख्य नदिहरु हुन ।

मकवानपुर जिल्लाको क्षेत्रफल २,२३,६०० हेक्टर छ । २०३८ सालको जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या २,४३,४११ छ । यस मध्ये १,२५।४८० पुरुष र १,१७,९३१ जना महिलाहरु छन । यस जिल्लामा प्रति स्क्वायर किलो मिटर २,४२६ जना व्यक्तिहरु वस्दछ भने जनघनत्व १००.३ छ । टिष्टुङ,पालुङ ,भैसे,हेटौडा भिमफेदि,चितलाङकुलेखानी यहांका मुख्य वस्तिहरु हुन । यातायात,खानेपानी, विजुली आदिको सुविधाले गर्दा यस जिल्लाको सदरमुकाम हेटौडा केहि वर्ष देखि यता आधुनिक सर सुविधा युक्त विकसित शहरको रुपमा देखा पर्दै आएको छ ।

जिल्लाको कुनै कुनै भागमा वाहेक सबै जसो भागमा हावापानी ज्यादै स्वास्थकर र रमणीय छ । यस जिल्लामा साधारणतया मनसुनी हावापानी पाइन्छ । यहां वर्षा हिउद दुवै याममा पानी पर्दछ । यस जिल्लाको दक्षिणबाट उत्तर तर्फ तापक्रम पनि कम हुदै गएको पाइन्छ । जस्ले गर्दा दक्षिणमा मैदानी वोट विरुवाहरु र उत्तरका पाहाडमा लेकालो वोट विरुवाहरु पाइन्छन ।

हेटौडा औद्योगिक क्षेत्र भित्रका विभिन्न उद्योगहरु र वाहिर टि.सि.एन र अन्य कारखानाहरु जस्तो चप्पल कारखाना,मेकानिकल वर्कसप,प्रेशहरु,हेटौडा सिमेन्टउद्योग

आदि भएकाले यस जिल्लाका निकै मानिसहरूले रोजगारीका अवसरहरू पाएका छन । धान, मकै, गहुँ आदिको निकै खेती हुने हुनाले यहाँ उब्जेको अन्न यस जिल्लाका मानिसहरूलाई चाहिने भन्दा बढी हुन्छ । तसर्थ यो जिल्ला खाद्यान्नमा आत्म निर्भर छ ।

यो जिल्ला विभिन्न जनजातीहरूको सम्मिश्रण थलो हो यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, गुरूङ्ग, तामाङ्ग, कामी, दमाई, थारू, चेपाङ, दनुवार सराब्दकाल देखि बसोबास गर्दै आइरहेका छन । यि विभिन्न जातीहरूको आफ्नै किसिमको चाडपर्व र संस्कृतीहरू छन ।

यस जिल्लामा एक नगर पंचायत र ४२ वटा गाउँ पंचायतहरू छन ।

## आर्थिक स्थिती :-

जिल्लाको आर्थिक स्थितीलाई विभिन्न तत्वहरूले प्रभाव पारिराखेको हुन्छ । जिल्लाको आर्थिक विकासमा कृषि उद्योग र व्यापारले निकै प्रभाव पार्दछ । यि क्षेत्रहरूको राम्रो र समुचित विकास भएको खण्डमा जिल्लाको आर्थिक विकास निर्विवाद रूपमा राम्रो हुन्छ । तसर्थ मकवानपुर जिल्लाको आर्थिक स्थितीको अध्ययनको सन्दर्भमा कृषी, उद्योग, व्यापार आदिको संक्षिप्त रूपमा चर्चा गर्ने कोशिस यस प्रतिवेदनमा गरिएको छ ।

### (क) कृषि :-

नेपाल अधिराज्यका अन्य जिल्लाहरू जस्तै मकवानपुर जिल्लाको आर्थिक अवस्था पनि कृषिमानै केन्द्रित छ । यो जिल्ला पाहाड र मैदान मिलि बनेको छ । पाहाड तर्फको धान, गहुँ मकै, आलु हुन्छ भने भित्री मदेशको सम्म खेतमा धान, मकै, गहुँ आदि हुन्छ । पाहाड तर्फको पाखोमा मकै, गहुँ, तोरी, कोदो, फापर हुन्छ भने भित्री मदेशको पाखोमा पनि मकै, तोरी, कोदो, गहुँ, फापर, मास आदि हुन्छ । यस जिल्लामा खाद्यान्न तथा नगदे बाली दुवै हुन्छ । खाद्यान्न तर्फ धान, मकै, गहुँ, कोदो, आदि हुन्छ भने सुर्ति, तोरी, उखु, आलु, आदि नगदे बाली पनि प्रसस्त हुन्छ । खाद्यान्न र नगदे बालीको अलावा जिल्लाका

किसानहरू पशुपालन पनि गर्दछन । फलफुल र तरकारी खेतीमा जिल्ला वासिहरू निकै उत्सुकताका साथ अगाडि वढि रहेका छन । जिल्लामा कृषि विकासको लागि सुलभ तरिकावाट कृषि ऋण उपलब्ध गराउनको लागि कृषि विकास वैंक कार्यरत छ ।

(ख) उद्योग :-

करिव २०० रोपनी जग्गामा हेटौंडा औद्योगिक क्षेत्रको स्थापना यस जिल्लामा भएको छ । नेपाल औद्योगिक विकास निगमले यस औद्योगिक क्षेत्रमा निकै ठुलो धन राशि लगानी गरेको छ । हेटौंडा औद्योगिक क्षेत्र भि हेटौंडा कपडा कारखाना, नेपाल वनस्पती घ्यू उद्योग, वियर कारखाना, दाना कारखाना, लाइभ स्टक, नेपाल टोवाको कंम्पनी; नेमो पार्केट, दुग्ध विकास संस्थान, खाद्य परिक्षण शाला आदि उद्योग स्थापना भएका छ । औद्योगिक क्षेत्र वाहिर हेटौंडा सिमेन्ट उद्योग, विभिन्न फर्निचर उद्योग, होजीयरीहरू, छापाखानाहरू, मेकानिकल वर्कसपहरू आदि स्थापना भएका छन । उल्लेखित उद्योग प्रतिठानहरूमा निकै व्यक्तिहरूले रोजगारी पाएका छन । विभिन्न आवश्यक वस्तुहरू उत्पादन गरि केहि हद सम्म मात्र भए पनि यस जिल्लामा स्थापीत उद्योग प्रतिष्ठानहरूले देशको आर्थिक उन्नतीमा केहि टेवा पुऱ्याइरहेको छन । देशका अन्य जिल्लाहरूको दांजोमा मकवानपुर जिल्लामा उद्योगको विकास निकै अगाडी वढेको छ ।

(ग) व्यापार :-

व्यापारिक दुष्टिकोणले यस जिल्लाको सवभन्दा महत्वपूर्ण स्थान हेटौंडा हो । हेटौंडामा चामल, तोरी, गहुँ आदिको निकै व्यापार हुन्छ । हेटौंडामा नगर विकास योजना लागु भएको र साथै अन्य विकास निर्माणका कार्यहरू विगत केहि दसक देखि यता प्रसस्त वृद्धि हुदै गएकोले हेटौंडा वजारमा निर्माण सामाग्रीको व्यापारमा निकै वृद्धि हुन गएको छ । यसको साथै ट्रकहरू राखेर धेरै मान्छिहरूले गुजारा चलाई राखेका छन । पालुङ० उपत्यकामा आलुको, दामन तथा शिखरकोटमा फलफुल, सागपात आदिको पनि राम्रो व्यापार चलेको छ । यस जिल्लामा खास गरि हेटौंडा, भैंसे, भिमफेदी, पालुङ०, टिस्टुङ०, मार्कु, दामन आदि ठाउंहरूमा वजारहरू छन ।

जिल्लाको कृषि, उद्योग, व्यापार आदिको स्थितीवाट समष्टि रूपमा जिल्लाको आर्थिक स्थिती राम्रो देखिन्छ । कृषिको तुलनामा उद्योग र व्यापारको विकास राम्रो भएको देखिन्छ । प्रति वर्ष उद्योग र व्यापार तर्फ मानिसहरूको झुकाव वढ्दै गएको देखिएको छ ।

६. रोजगारको स्वरूप :-

मकवानपुर जिल्लाका वहुसंख्यक वासीन्दाहरूको मूख्य पेशा पराप्पूर्वकाल देखि कृषि भएता पनि त्रिभुवन राजपथ र महेन्द्र राजमार्गको निर्माण छिमेकी देश भारतमा जान आउन सुविधा, औद्योगिक क्षेत्रको स्थापना आदिले गर्दा मकवानपुर जिल्ला एक **औद्योगिक तथा व्यापारिक केन्द्र वन्न पुगेको छ ।**

यस जिल्लामा कृषि जन्य उद्योगहरूको अलावा अन्य धेरै प्रकारका आधुनिक र ठूला उद्योगहरू स्थापना भएका छन । शर्वेक्षण टोलीले हेटौंडा नगर पंचायत र यसको आसपासका गाउं पंचायतहरूको स्थलगत भ्रमण गरि तथ्यांकहरू संकलन गरेको थियो । शर्वेक्षणवाट प्राप्त तथ्यांक अनुसार हेटौंडा नगर पंचायत र आसपासका गाउं पंचायतहरूमा संचालित ४१ उद्योग प्रति ठानहरूमा जम्मा ३८६२ व्यक्तिहरू कार्यरत भइरहेको देखिन्छ । जसमध्ये पुरूष ३१८१ र महिला ६८१ कार्यरत देखिन्छ । तालिका नं. १ मा उक्त क्षेत्रमा संचालित उद्योग प्रतिष्ठानहरूको उत्पादन प्रकृति अनुसार वर्गिकरण र पुरूष तथा महिला रोजगारीवारे दिइएको छ । उद्योग प्रतिष्ठानहरूमा जनशक्ति संलग्नतालाई हेर्दा ५८.५ प्रतिशत उद्योग प्रतिष्ठानहरूमा २० जना भन्दा कम व्यक्तिहरू संलग्न देखिन्छन भने १४.६ प्रतिशत उद्योग प्रतिष्ठानहरूले २० देखि ५० जना व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराएका छन । त्यस्तै ५१ देखि २०० जना व्यक्तिहरूलाई १४.६ प्रतिशत उद्योगहरूले रोजगारीको व्यवस्था मिला एका छन भने १२.१ प्रतिशत उद्योग प्रतिष्ठानहरूमा २०१ भन्दा माथि १२०४ जना व्यक्तिहरू सम्मले रोजगारी प्राप्त गरिरहेका छन । मकवानपुर जिल्लामा स्थापित उद्योग प्रतिष्ठानहरू मध्ये हेटौंडा कपडा उद्योगले सवभन्दा वढी रोजगार सिर्जना गरेको छ भने त्यस पछि हेटौंडा सिमेन्ट उद्योगको

स्थान आउँदछ । तालिका नं.२ मा रोजगारीको आधारमा उद्योग प्रतिष्ठानहरूको संख्या दिइएको छ ।

मकवानपुर जिल्ला एक प्रतिष्ठित औद्योगिक जिल्ला हो । यस जिल्लामा स्थापित उद्योग प्रतिष्ठानहरूले रोजगारीको क्षेत्रमा निकै ठूलो योगदान दिई आइरहेका छन । यहाँका उद्योग प्रतिष्ठानहरूमा विभिन्न स्तरका जम्मा ३८६२ जना व्यक्तिहरू संलग्न देखिन्छन । तालिका न. ३ मा संलग्न जनशक्तिको स्तर नेपाली पुरूष र महिला गैर नेपाली पुरूष र महिला बारेमा दिइएको छ ।

शर्भेक्षण गरिएका ४९ उद्योग प्रतिष्ठानहरू मध्ये धेरै जसो सानो स्तरका भएको र रोजगारीका अवसरहरूको सिर्जना पनि त्यति बढी मात्रामा गर्न सकिराखेका छैनन । सादर एक उद्योग प्रतिष्ठानमा करिब ८४ जना व्यक्तिहरू संलग्न देखिन्छन ता पनि सब भन्दा बढि रोजगार उपलब्ध गराउने उद्योग प्रतिष्ठानहरूमा हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग, हेटौंडा दुग्ध वितरण आयोजना, वनस्पती घ्यू उद्योग, नेपाल ब्रुअरी कंम्पनी आदि पर्न आउदछन । यी उद्योग प्रतिष्ठानहरूमा भविष्यमा रोजगारीका अवसरहरू निकै वृद्धि हुने संम्भावना देखिन्छ । मकवानपुर जिल्लाको ग्रामिण क्षेत्रहरूमा चामल, दाल, तेल, पिठो संम्बन्धि उद्योगहरूको वृद्धि पर्याप्त मात्रामा भएको देखिन्छ ता पनि रोजगारीको अवसर भने कम मात्रामा मात्र उपलब्ध गराई रहेको कुरा शर्भेक्षणबाट थाहा हुन आएको छ । यस जिल्लामा संचालित इंटा भट्टा संम्बन्धि उद्योगहरूले २।३ हजार व्यक्तिहरूलाई सिजनल रोजगारी उपलब्ध गराउने गरेको कुरा पनि शर्भेक्षणबाट पत्ता लागेको छ । स्थापित औद्योगिक क्षेत्र, यातायातको सुविधा, सजिलै संग कच्चा पदार्थको उपलब्धता आदि कारणहरूले गर्दा यस जिल्लामा भविष्यमा अन्य उद्योगहरूको स्थापना हुन गई रोजगारीमा समेत उल्लेखनिय रूपमा वृद्धि हुने कुरामा शर्भेक्षण टोली विश्वास राख्दछ । यस जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरूमा विभिन्न प्राविधिक पदहरूमा गैर नेपालीहरूको संलग्नता देखिन्छ । क्रमश गैर नेपालीहरूको ठाउँमा नेपालीहरू प्रतिस्थापन गराउदै लैजानको लागि आप्रेन्टिस तालिम संम्बन्धि कुराकानी गर्दा उद्योग पतिहरूले सकारात्मक प्रतिकृया व्यक्त गरेको थिए ।

भविष्यमा रोजगारी बढ्ने या घट्ने के कस्तो संम्भावना छ भन्ने सन्दर्भमा विभिन्न प्रश्नहरू गर्दा उत्पादित वस्तुको बजारमा माग श्री ५ को सरकारको आयात नीति, कच्चा पदार्थको उपलब्धता, नियुक्त जनशक्तिको आपूर्ति आदि कुराहरूमा भर पर्दछ भनि उद्योग प्रतिष्ठानहरू संग संम्बन्धित व्यक्तिहरूले राय व्यक्त गरेका थिए । कृषि क्षेत्रमा नयां नयां प्रविधिहरूको विकास र प्रयोग, निजी क्षेत्रमा उद्योग संख्याहरूको वृद्धि, संचालित उद्योगहरू पूर्ण क्षमतामा संचालन आदिले गर्दा भविष्यमा रोजगारी वृद्धि हुने टड्कारो संम्भावना देखिन्छ ।

शर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरू संग संम्बन्धित अधिकारी तथा उद्योगपतिहरू संग उनीहरूको उद्योग प्रतिष्ठानहरू हाल पूर्ण क्षमतामा संचालन भई रहेको छ या छैन प्रयोगमा नल्याएको क्षमता प्रयोगमा ल्याउदा थप कति जनशक्तिलाई रोजगारी उपलब्ध गराउन सकिन्छ भनि विभिन्न प्रश्नहरू सोधिएको थियो । धेरै जसोले आफ्नो उद्योग प्रतिष्ठानहरू पूर्ण क्षमतामा संचालन भई रहेका र थोरैले मात्र विभिन्न कारणहरू जस्तो उत्पादित मालको बजारमा कम खपत, कच्चा पदार्थको अभाव, दक्ष जनशक्तिको अभाव आदिले गर्दा आफ्नो उद्योग पूर्ण क्षमतामा संचालन हुन नसकेको कुरा बताएका थिए । उपरोक्त कठिनाईहरू हट्न गएको खण्डमा उद्योग प्रतिष्ठानहरू पूर्ण क्षमतामा संचालन हुन जाने र थप ५६२ जना व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराउन सकिने राय व्यक्त गरेका थिए । तालिका नं. ४ मा संचालित उद्योग प्रतिष्ठानहरू र रोजगारीको क्षमता बारे दिइएको छ । शर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरू मध्ये फर्निचर खाद्य र पाउरोटि उद्योगहरू पूर्ण क्षमता संचालन भइरहेका र इन्जिनियरिङ्ग वर्कस, प्रैस उद्योगहरू, कपडा र अन्य उद्योगहरू पूर्ण क्षमता संचालन नभई रहेो कुरा थाहा भएको छ । यि उद्योगहरू पूर्ण क्षमतामा संचालन हुन गएको खण्डमा थप ५६२ जना व्यक्तिहरूले रोजगारीका अवसरहरू उपभोग गर्न सक्ने देखिन्छ ।

देशका अन्य जिल्लाहरूमा जस्तै मकवानपुर जिल्लामा पनि शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा बढि वेरोजगार र अर्ध वेरोजगारको समस्याले सताएको छ। ठुला २ उद्योगहरू नगर पंचायत नजिक खुलेका र भविष्यमा खुल्ने उद्योगहरू पनि नगर पंचायत

क्षेत्र भित्रमानै खुल्न जाने हुँदा ग्रामिण क्षेत्रमा रोजगारीका अवसरहरूको सिर्जना ज्यादै कम मात्रामा मात्र भएको छ । अत श्रम बजारमा प्रत्येक वर्ष थपिने श्रम शक्ति अन्य रोजगारीको अभावमा बाध्य भएर कृषि पेशामानै लागि रहनु परेको र भविष्यमा समेत यो प्रकृया जारी रहने कुरा अन्तरवार्तामा भाग लिनेहरूले बताएका थिए ।

मकवानपुर जिल्ला उद्योग तथा वाणिज्यको क्षेत्रमा निकै अगाडी बढेको छ । यस जिल्लामा निर्माण कार्यहरू पर्याप्त भइरहेको देखिन्छ । नगर पंचायत र यसको आसपास का गाउँ पंचायतहरूमा हुने निर्माण र विकासका कार्यहरूमा केहि मात्रामा गैर नेपाली हरूको संलग्नता देखिएता पनि ग्रामिण क्षेत्रहरूमा भने निर्माण तथा विकास कार्यहरूमा गैर नेपालीहरूको संलग्नता पटक्कै नभएको कुरा शर्वेक्षणबाट पत्ता लागेको छ । तर मिलर र मेकानिक्स जस्ता जनशक्तिको लागि भने गैर नेपालीको भर पर्नु पर्छ भनि अन्तरवार्ता दिनेहरूले बताएका थिए ।

शर्वेक्षणको समयमा गाउँ तथा नगर पंचायतका प्रधान पंच, उप प्रधान पंच, सदस्यहरू, शिक्षकहरू सँग हाल केहि वर्ष यता सामुदायिक कार्यकलाप अन्तर्गत पुरै श्रम दान तथा जिल्ला पंचायतको अनुदानबाट कुनै निर्माण कार्य भएको छ भनि सोधिएको प्रश्नको जवाफमा पुरै श्रमदान तथा ५० प्रतिशत श्रमदान र ५० प्रतिशत अनुदानबाट विद्यालय भवन, पंचायत भवन, खानेपानी आयोजना, ग्रामिण बाटोहरू, कुलो आदि निर्माण हुने गरेको कुरा शर्वेक्षण टोलीका सदस्यहरूलाई बताएका थिए । हाम्रो जस्तो विकासशिल राष्ट्रमा जिल्ला र ग्रामिण क्षेत्रको विकासको दृष्टिले सामुदायिक कार्यकलाप निकै महत्वपूर्ण हुने विचार व्यक्त गरेका थिए ।

ग्रामिण क्षेत्रहरू अविकसित हुनुको साथै रोजगारीका अवसरहरू ज्यादै कम छन । ग्रामिण क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि गरि ग्रामिण जनताको आय र जीवनस्तर उठाउनको लागि सम्बन्धित निकायहरूले पशु पालन, कुखुरा पालन, फलफुल खेती आदिको लागि सुलभ व्याजदरमा ऋण उपलब्ध गराउनु पर्ने, कोरा श्रम शक्तिलाई विभिन्न विषयहरूमा आधार भूत तालिमको व्यवस्था मिलाउनु पर्ने र साना र कृषि जन्य

उद्योगहरू संचालनको लागि सल्लाह र सहयोग जुटाई दिनु पर्छ भनि गाउँ पंचायतका प्रधान पंचहरू,उप प्रधान पंचहरू,सदस्यहरू,शिक्षकहरू र स्थानीय प्रतिष्ठित व्यक्तिहरूको आफ्नो राय व्यक्त गरेका थिए । उपरोक्त कुराहरूको व्यवस्था मिलाउन सकेको खण्डमा ग्रामिण क्षेत्रमा रोजगारीका अवसरहरू केहि मात्रामा सिर्जना हुन गई केहि हद सम्म मात्र भए पनि वेरोजगारी समस्या कम हुन जाने विश्वास शर्वेक्षण टोलीले लिएको छ ।

शर्वेक्षणको शिलशिलामा गाउँ पंचायतका प्रधान पंच ,उप प्रधान पंच ,सदस्यहरू, शिक्षकहरू सँग स्थानीय श्रोत र शिपको आधारमा के कस्ता उद्योगहरू संचालन हुन जान्छन ! भनि प्रश्नहरू गर्दा वेतवास संम्वन्धि उद्योगहरू,ठेकी भाडा वनाउने उद्योगहरू, टोकरी तथा ढकी वुनाई,वाख्रा,भैंसी,मौरी पालन संम्वन्धि उद्योगहरू,हसिया,चुलेसी, खुर्पा कोदालो वनाउने संम्वन्धि उद्योगहरू विकास हुन सक्छभनि वताएका थिए । यि सवै उद्योगहरूको लागि आवश्यक पर्ने कच्चा पदार्थहरू गाउँ क्षेत्रमानै उपलव्ध हुने र केहि मात्रामा हेटौंडा नगर पंचायत क्षेत्र अर्थात वजारवाट ल्याउन पर्छ भनि अन्तर्वार्ता दिनेहरूले वताएका थिए । स्थानीय शिप र श्रोतको आधारमा संचालित उद्योग प्रतिष्ठानहरूको विकासले गर्दा ग्रामिण क्षेत्रमा रोजगारीको अवसरहरू वृद्धि हुन गई ग्रामिण जनताहरूको आय र जीवन स्तरमा समेत सकारात्मक असर पर्न जाने कुरामा शर्वेक्षण टोलीले विश्वास लिएको छ ।

७. रोजगार वृद्धिमा परेका कठिनाईहरू

शर्वेक्षणको सिलसिलामा उद्योग प्रतिष्ठानहरू सँग संम्वन्धित अधिकृत तथा उद्योग पतिहरू सँग उनीहरूको उद्योग प्रतिष्ठानहरूमा रोजगार र उत्पादन वृद्धिमा परेका कठिनाईहरूका संम्वन्धमा जानकारी लिदा ४१ वटा उद्योग प्रतिष्ठानहरू मध्ये ६ वटा लाई आयातबाट प्रतिस्पर्धा,६ वटालाई दक्ष जनशक्तिको अभाव, १० वटालाई आर्थिक कठिनाई,५ वटालाई कच्चा पदार्थको अभाव,२ वटालाई नया मेशिनको अभाव भएको

कुरा श्रमेंदाणको क्रममा अन्तर्वार्ता दिनेहरूले वताएका थिए । केहि उद्योगवाट उत्पादित वस्तुको वजार सबैत राम्रो नभएकोले रोजगारि र उत्पादनमा नकारात्मक असर पर्न गएको कुरा थाहा हुन आएको छ ।

यसको साथै चामल, दाल, तेल, पिठो, उद्योगहरूवाट उत्पादित सहायक उत्पादन हरूको माग वजारमा ज्यादै कम भएको हुंदा सम्वन्धित उद्योगहरूलाई ज्यादै कठिनाई भइरहेको छ भने चप्पल, छाला, छपाई, वर्कसप सम्वन्धि उद्योगहरूलाई आवश्यक पर्ने वस्तु देशमा उपलब्ध नभएको र भारतवाट भिकाउदा पनि कम स्तरको आउने हुंदा तेश्रो देशवाट आयात गर्नु पर्ने र आयात इजाजत लिन धेरै समय लाग्ने गरेकोले ठुलो कठिनाई परेको छ भनि वताएका थिए ।

ग्रामिण क्षेत्रमा संचालित साना तथा घरेलु उद्योगहरूको हकमा आर्थिक कठिनाई शिपयुक्त जनशक्ति कच्चा पदार्थको अभाव आदिलाई मूख्य कठिनाईको रूपमा वताएका थिए । भारतमा उत्पादित तयारी वस्तुहरू स्थानीय वजारमा सस्तो मूल्यमा उपलब्ध हुने गरेकोले साना तथा घरेलु उद्योगहरूलाई आफ्नो उत्पादन स्थानीय वजारमा विक्रि गर्न अति कठिनाई परेको छ भनि अन्तर्वार्तामा सम्मिलित हुनेहरूले वताएका थिए।

ग्रामिण क्षेत्र देशको सबभन्दा वढि अविकसित क्षेत्र हुनुको साथै वेरोजगारी समस्या पनि सवभन्दा वढि यहि क्षेत्रमा व्याप्त छ । आर्थिक कठिनाई, दक्ष जनशक्ति को अभाव, कच्चा पदार्थको अभाव, वजार सम्वन्धि ज्ञानको अभाव आदिले गर्दा ग्रामिण क्षेत्रमा रोजगारी वृद्धि हुन सकेको छैन भने गैर कृषि व्यवसाय सम्वन्धि ज्ञानको अभावले गर्दा पनि ग्रामिण जनताहरू वेरोजगार अवस्थामा रहि रहनु परेको कुरा अन्तर्वार्तामा भाग लिनेहरूले वताएका थिए ।

मकवानपुर जिल्लामा श्रमेंदाण गरिएका धेरै जसो उद्योग प्रतिष्ठानहरू विजुली द्वारा संचालन हुने तर विजुलीको अनियमितताले गर्दा उत्पादन कार्यमा निकै वाधा पुग्न गएको र जस्ले गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा भए पनि रोजगारीमा नकारात्मक असर पर्न गएको कुरा सम्वन्धित व्यक्तिहरूले वताएका थिए ।

गैर कृषि व्यवसाय सम्बन्धि प्रचार प्रसार आदिको काम छ भनि शर्भेक्षण गरिएका गाउं पंचायतका प्रधान पंच,उप प्रधान पंच ,सदस्यहरु र शिक्षकहरुले वताएका थिए ।

## ८. गैर नेपालीहरूको संलग्नता

देशका विभिन्न भाग खास गरि तराई क्षेत्र स्थित संगठित उद्योग प्रतिष्ठानहरूमा तथा अन्य गैर कृषि क्षेत्रहरूमा गैर नेपाली श्रमिकहरुको संलग्नता देशको लागि समस्याको रूपमा खडा भएको छ । मकवानपुर पाहाड र मैदानको संमिश्रण भएको भित्रि मदेशको जिल्ला हो । यस जिल्लामा गैर नेपालीहरूको संलग्नता निकै कम देखिन्छ । कृषि कार्यमा गैर नेपालीहरू नगण्य रूपमा मात्र संलग्न हुने गरेको कुरा नगर पंचायतका प्रधान पंच,उप प्रधान पंच,जिल्ला पंचायतका सभापति,उप सभापति र अन्य व्यक्तिहरूले शर्भेक्षणको समयमा वताएका थिए ।

शर्भेक्षणवाट प्राप्त तथ्याक अनुसार शर्भेक्षण गरिएका ४१ उद्योग प्रतिष्ठानहरूमा ९२६ जना अर्थात ३.२ प्रतिशत गैर नेपाली व्यक्तिहरुको संलग्नता देखिन्छ । गैर नेपालीहरू विभिन्न पेशामा संलग्न भएको देखिन्छ । तालिका नं. ५ मा प्रस्तुत गरिएको तथ्याक अनुसार फर्निचर उद्योगहरूमा ९.५ प्रतिशत,इन्जिनियरिङग वर्क्समा २.४ प्रतिशत,प्रेश उद्योगहरूमा ८.३ प्रतिशत,खाद्य उद्योगहरूमा ०.६ प्रतिशत,कपडा उद्योगहरूमा ५.०५ प्रतिशत पाउरोटी उद्योगहरूमा १४.२ प्रतिशत र अन्य उद्योगहरूमा १.६ प्रतिशत गैर नेपालीहरूको संलग्नता देखिन्छ । संख्याको आधारमा सवभन्दा वढि गैर नेपालीहरू कपडा उद्योगमा संलग्न देखिन्छ भने प्रतिशतको आधारमा पाउरोटी उद्योगहरूमा सवभन्दा वढि गैर नेपालीहरू संलग्न रहेको कुरा शर्भेक्षणवाट पत्ता लागेको छ । गैर महिलाहरूको संलग्नता छैन भने पनि हुन्छ, केवल १ जना मात्र भएको कुरा शर्भेक्षणवाट पत्ता लागेको छ । गैर नेपालीहरू वढि संख्यामा उत्पादनशिल कार्यमा दक्ष श्रमिकको रूपमा कार्यरत भइरहेको कुरा प्राप्त तथ्याकवाट थाहा हुन आएको छ । गैर नेपालीहरू कुन कुन पदमा कति संलग्न छन भन्ने कुरा तालिका नं.३ (क)(ख)(ग) र (घ) वाट स्पष्ट देखिन आउंछ ।

८ ^ ६६१

संगठित उद्योग प्रतिष्ठानहरूमा भन्दा असंगठित व्यवसायहरूमा सिर्जना भएका रोजगारीका अवसरहरूको उपभोग गैर नेपालीहरूले गरिरहेको कुरा स्थानीय व्यक्तिहरूले बताएका थिए । सिकर्मी, डकर्मी, प्लाष्टर, हाउस वाइन्डिङ्ग, फिटर, इंटा वनाउने आदि पेशाहरूमा गैर नेपालीहरूको संलग्नता निकै देखिन्छ । गैर नेपालीहरूमा आफ्नो पेशामा दक्षता र कार्य क्षमता समेत वढि हुने हुनाले नै तिनीहरूलाई काममा लगाउने गरेको हो भनि विभिन्न व्यक्तिहरूले राय व्यक्त गरेका थिए ।

गैर नेपालीहरूलाई काममा लगाउंदा नेपालीहरू कामवाट वन्चित भएर वस्नु परिरहेको छ भने अर्को तिर राष्ट्रले लगानी गरेको ठुलो धन राशि गैर नेपालीहरूको हातमा पर्न गएको छ । अतः नेपालीहरूलाईनै विभिन्न विषयहरूमा तालिम प्रदान गरि शिपयुक्त वनाई गैर नेपालीहरूको ठाउंमा क्रमश प्रतिस्थापन गर्दै लैजानु पर्दछ भनि अन्तवार्तामा सम्मिलित हुनेहरूले आ-आफ्नो राय व्यक्त गरेका थिए ।

## ८. जनशक्तिको आवश्यकता :

विकासशिल मुलुकहरूमा वहुसंख्यक वासिन्दाहरू वेरोजगार तथा अर्ध वेरोजगार भएर वसिरहेका छन भने संचालित उद्योग प्रतिष्ठानहरूमा आवश्यक पर्ने शिपयुक्त जनशक्तिको अभावले गर्दा ठुलो कठिनाई परिरहेको छ । हाम्रो देशमा शिपयुक्त नेपाली जनशक्तिको अभावले विभिन्न उद्योग प्रतिष्ठानहरू र विकास आयोजनाहरूको माग पुरा गर्न सकिएको छैन । केहि उद्योगहरू वाहेक मकवानपुर जिल्लामा संचालित उद्योगहरू सानो स्तरका भएको हुंदा उच्च स्तरिय प्राविधिक तथा प्रशासनिय जनशक्तिको माग ज्यादै सीमित भएको थाहा भएको छ भने केहि उद्योगहरूले शिप वृद्धि तालिमको माग गरेका थिए । केमिष्ट, क्वालिटि कन्ट्रोलर, मेशिन अप्रेटर, फिटर, वेल्डर, इलेक्ट्रिसियन, कार्पेन्टर, कम्पोजिटर जस्ता शिपहरूमा शिपवृद्धि तालिमको माग गरेका थिए । त्यस्तै मकवानपुर जिल्ला स्थित केहि उद्योग प्रतिष्ठानहरूले सिकर्मी, पेन्टर, लुम फिटर, मेशिन अप्रेटर, वेकर, वेल्डर, ग्राइन्डिङ्ग, व्लक मेकर, लुम अप्रेटर जस्ता शिपहरूको अभाव भएको कुरा सर्वेक्षण टोली समक्ष व्यक्त गरेका थिए ।

हेटौंडा नगर पंचायत तथा यसको आसपासको गाउं पंचायत क्षेत्र भित्र संचालित साना तथा घरेलु उद्योगहरूको लागि केहि जनशक्तिको अभाव भएको कुरा थाहा भएको छ । कृषि क्षेत्रमा समेत प्राविधिक जनशक्तिको अभाव भएको कुरा थाहा हुन आएको छ । ग्रामिण क्षेत्रहरूमा मिस्त्रि, कार्पेन्टर, ट्र्याक्टर मेकानिक्स, इंटा वनाउने जस्ता शिपहरूको अभाव भएको कुरा थाहा हुन आएको छ ।

१०. जनशक्तिको आपूर्ति :

मकवानपुर जिल्लामा जनशक्ति आपूर्ति गर्ने संस्थाहरू मध्ये त्रि.वि.वि.अन्तर्गतको मानविकि अध्ययन संस्थान अन्तर्गत एक क्याम्पस र वन विज्ञान अध्ययन संस्थान अन्तर्गत एक क्याम्पसहरू छन । तर यी क्याम्पसवाट उत्पादित जनशक्ति उद्योगहरूमा खपत नहुने कुरा सर्वविदितै छ । यसको अलावा यस जिल्लामा ग्रामिण तथा घरेलु उद्योग विकास समिति, श्रमिक आपूर्ति केन्द्र र केहि निजी प्रशिक्षण केन्द्रहरू प्रशिक्षण कार्यमा लागेका देखिन्छन । यी संस्थाहरूले कटाई सिलाई, वुनाई सिलाई, डकर्मी, सिकर्मी, प्रेश कम्पोज जस्ता विषयहरूमा तालिम संचालन गरिरहेका छन । हेटौंडा श्रमिक आपूर्ति केन्द्रले औद्योगिक जनशक्ति आपूर्ति गर्ने सन्दर्भमा आप्रेन्टिस तालिम संचालन गर्दै आइरहेको छ भने अन्य तालिमहरू स्वयं रोजगारी र मजदुरीको लागि संचालन गरिएका छन । उद्योग कलकारखानाहरूको माग अनुसारको जनशक्ति आपूर्ति हुन नसकिरहेको कुरा विभिन्न उद्योग पतिहरूले सर्वेक्षणको समयमा वताएका थिए ।

११. जनशक्तिको माग आपूर्ति विच समन्वयता :

मकवानपुर जिल्लामा सर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूमा धेरै जसो उद्योगहरूमा प्राविधिक जनशक्तिको माग हुने र क्याम्पसवाट उत्पादित जनशक्तिको भने माग नहुने कुरा थाहा पाइएको छ । विशेष गरि क्याम्पसवाट उत्पादित जनशक्ति यदाकदा वैंक हरू र अन्य निकायहरूमा नोकरी पाउने र नोकरीको लागि अन्य जिल्लाहरूमा जाने

गरेको कुरा थाहा हुन आएको छ । यस क्षेत्रका उद्योग प्रतिष्ठान तथा गैर कृषि व्यवसायको निमित्त आवश्यक भएको जनशक्ति केहि हद सम्म भए पनि हेटौंडा श्रमिक आपूर्ति केन्द्रले उत्पादन गरिरहेको देखिन्छ । यस वाहेक निजि क्षेत्रमा केहि तालिम दिइरहेको कुरा थाहा भएको छ ।

यस क्षेत्रमा संचालित उद्योग प्रतिष्ठानहरुले आफुलाई आवश्यक पर्ने जनशक्ति आफ्नो उद्योगमा काम गर्ने अनुभवि कामदारको साथमा हेल्पर राखि तालिम प्रदान गर्ने गरेको र उक्त तरिकावाट हाल सम्म आफुलाई आवश्यक पर्ने जनशक्ति आपूर्ति गरिरहेको कुरा विभिन्न उद्योग पतिहरुले वताएका थिए ।

सर्वेक्षणको सिलसिलामा आफ्ना श्रमिकहरुलाई उपर्युक्त तालिम केन्द्रमा शिप वृद्धि तालिमको निमित्त पठाउन सकिन्छ भनि सोधिएको प्रश्नको जवाफमा आफ्नो उद्योग प्रतिष्ठानको काम संग मिल्दो जुल्दो भएमा पठाउंन सकिने राय ७५ प्रतिशत उद्योग प्रतिष्ठान संग संम्वन्धित व्यक्तिहरुले वताएका थिए भने वांकिले आफ्नो उद्योगको स्तर सानो भएको र आर्थिक भार समेत पर्न जाने हुंदा पठाउन नसकिने राय व्यक्त गरेको थिए । तालिका नं. ६ मा माग गरिएको तालिमको विषय र संख्या दिइएको छ ।

यस क्षेत्रमा अप्रेन्टिस तालिम संचालन गर्ने योजना संम्वन्धमा सोधिएका प्रश्नको जवाफमा धेरै जसोले समर्थन गरेका र केहिले मात्र आफ्नो उत्पादन कार्यमा वाधा पुग्ने मेशिन आदि विग्रन सक्ने भएको हुंदा अप्रेन्टिस तालिम चलाउंन नसकिने राय व्यक्त गरेका थिए ।

सर्वेक्षणवाट पत्ता लागे अनुसार यस क्षेत्रमा जनशक्तिको माग र आपूर्ति विच समन्वय भएको देखिन्न । खास गरि प्राविधिक जनशक्तिको माग भइरहेको छ भने उत्पादित जनशक्ति अप्राविधिक र प्राविधिक भए पनि निम्न स्तरको भएको कुरा पत्ता लागेको छ ।

हेटौंडा स्थित श्रमिक आपूर्ति केन्द्रको तालिम राम्रो भएको तर यस केन्द्रले उद्योग प्रतिष्ठानहरुलाई आवश्यक पर्ने जनशक्ति उत्पादन तर्फ जोड दिनु पर्दछ भनि विभिन्न व्यक्तिहरुले राय व्यक्त गरेका थिए ।

## १३. निष्कर्ष :

मकवानपुर जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरूमा पुरुष ३१८१ र महिला ६८१ गरि जम्मा ३८६२ जवान जनशक्ति संलग्न भइरहेको देखिन्छ । संचालित उद्योगहरू सानो स्तरको भएको हुँदा जनशक्तिको संलग्नता पनि कमै देखिन्छ । यस जिल्लामा २.०५ प्रतिशत उद्योगहरूमा मात्र २०० भन्दा वढि कामदारहरू संलग्न देखिन्छन ।

मकवानपुर जिल्ला स्थित उद्योग प्रतिष्ठानहरूमा रोजगारीको अवसर वृद्धि भइरहेको देखिन्छन तर ग्रामिण क्षेत्रमा भने गैर कृषि व्यवसायको अभावमा रोजगारीका अवसरहरूको वृद्धि भएको देखिदैन । ग्रामिण क्षेत्रमा रोजगारका अवसर वृद्धिको लागि उद्योग कल कारखाना स्थापना गर्ने तर्फ ग्रामिण जनताहरूलाई सचेत गराउनु पर्ने देखिन्छ । उद्योग प्रतिष्ठानहरूमा पनि खास गरि उच्च स्तरिय प्राविधिक र वढि संख्यामा दक्ष तथा अर्ध दक्ष श्रमिकहरूको माग हुने देखिन्छ ।

मकवानपुर जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरू पूर्ण क्षमतामा संचालन भएको खण्डमा थप ५६२ जवान व्यक्तिहरूलाई विभिन्न पेशामा रोजगारी उपलब्ध गराउन सकिने देखिन्छ । कच्चा पदार्थको अभाव,आर्थिक कठिनाई,आयातवाट प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव,वजारमा मागको कमि,विजुलीको अनियमितता ,आदिले गर्दा उद्योगहरू पूर्ण क्षमतामा संचालन हुन सकिरहेको छैनन् ।

देशका अन्य जिल्लाहरूमा जस्तै मकवानपुर जिल्लामा पनि शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा वढि वेरोजगार र अर्ध वेरोजगारको समस्याले सताएको देखिन्छ र धेरै जसो उद्योगहरू नगर पंचायत र यसको आसपासमा स्थापना भएकोले ग्रामिण क्षेत्रमा रोजगारीको अवसरहरूको श्रृजना कम मात्रामा मात्र भएको देखिन्छ । अत:श्रम वजारमा प्रत्येक वर्ष थपिने श्रम शक्ति वाध्य भएर कृषि पेशामानै लाग्नु परिरहेको छ ।

देशका अन्य जिल्लाहरूको दाँजोमा मकवानपुर जिल्लामा गैर नेपालीहरूको संलग्नता निकै कम देखिन्छ । सर्वेक्षणवाट प्राप्त तथ्यांक अनुसार यस जिल्लामा १२६ जवान

अर्थात ३.२. प्रतिशत मात्र गैर नेपालीहरु संलग्न छन । गैर नेपालीहरु दक्ष श्रमिकको रुपमा कार्यरत छन । स्थानीय बासिन्दाहरुको भनाई अनुसार संगठित र कृषि क्षेत्रमा भन्दा निर्माण र रुपाल काट्ने कार्यमा गैर नेपालीहरु वढि मात्रामा संलग्न छन् ।

यस जिल्लामा जनशक्ति आपूर्ति र मागको विच केहि नमिले जस्तो देखिन्छ । प्रशासनिक र उच्च स्तरिय प्राविधिक जनशक्तिको माग ज्यादै कम छ । दक्ष र अर्ध दक्ष श्रमिकहरुको माग एकातिर छ भने आपूर्ति तर्फ उल्लेखित जनशक्ति उत्पादन गर्ने तर्फ ध्यान दिएको देखिदैन् । श्रमिक आपूर्ति केन्द्रले उत्पादन गरेको जनशक्ति पनि उद्योगहरुको साँचो पुरा गर्ने खालको देखिदैन् । अत: फिटर, क्वालिटि कन्ट्रोलर, वेल्डिङ०टर्नर, कार्पेन्टर, मेशिन अप्रेटर, सोप मेकर, कम्पोजिटर, वेकर जस्ता शिपहरुमा शिप वृद्धि तालिमको माग गरिएको थियो । जनशक्ति आपूर्ति गर्ने संस्थाहरुले उत्पादित जनशक्ति र उद्योगहरुले माग गर्ने जनशक्ति विच समन्वय कायम भएको देखिदैन् ।

उद्योगहरुलाई आवश्यक पर्ने प्राविधिक जनशक्ति केहि मात्रामा भारतवाट ल्याउने गरेको आप्रेन्टिस र विदेशीको साथ काउन्टर पार्ट राखि नेपालीहरुलाई तालिम दिई आपूर्ति गर्ने गरेको कुरा थाहा हुन आएको छ भने केहि मात्रमा हेटौडा श्रमिक आपूर्ति केन्द्रले पनि आपूर्ति गर्ने गरेको छ ।

हाम्रो जस्तो विकासशिल देशको आर्थिक विकासमा सामुदायिक क्रियाकलापले निकै ठूलो भूमिका खेल्दछ । यस योजना अन्तर्गत ग्रामिण क्षेत्रमा प्रशस्त निर्माण कार्यहरु भएको थाहा भएको छ । सामुदायिक कार्यक्रम पुरै श्रमदान र ५० प्रतिशत श्रमदान र ५० प्रतिशत जिल्ला पंचायतको अनुदानवाट सम्पादन हुने गरेको कुरा थाहा पाइएको छ । सामुदायिक कार्यक्रम अझ वढि प्रभावकारि ढंगवाट संचालन गर्नु पर्ने कुरा गाउं पंचायतका प्रधान पंच, उप प्रधान पंच, वार्ड सदस्यहरुले वताएका थिए ।

०००समाप्त०००

तालिका नं. १

उद्योग प्रतिष्ठानमा उत्पादन प्रकृति अनुसार समूह वर्गीकरण र पुरुष तथा महिला रोजगारी

| सि.नं. | उद्योग प्रतिष्ठानहरू | संख्या | हालको रोजगारी संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १. | फर्निचर उद्योगहरू | ८ | १३७ | ८ | १४६ |
| २. | इन्जिनियरिङ्ग वर्क्स | ५ | ८१ | १ | ८२ |
| ३. | प्रेस उद्योगहरू | ४ | ३२ | – | ३२ |
| ४. | खाद्य उद्योगहरू | ४ | १४१ | ११ | १५२ |
| ५. | कपडा उद्योग | २ | ९२३ | ५४१ | १४६४ |
| ६. | पाउरोटी उद्योग | २ | २१ | – | २१ |
| ७. | अन्य उद्योगहरू | १५ | १८४६ | ११९ | १९६५ |
| | कूल जम्मा | ४१ | ३१८१ | ६८१ | ३८६२ |

स्रोत :- सर्वेक्षण

नोट :- (१) महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.(२) हेटौंडा छाला उद्योग (३) नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड (४) नेपाल टोवाको कं.प्रा.लि. (५) नेपाल ह्युम पाइप म्यानफ्याक्चर प्रा.लि.(६) नारायणी फिड इण्डष्ट्रिज (७). क्वालिटि कंक्रिट प्रा.लि.(८) नेपाल वुअरी कं.प्रा.लि. (९) हेटौंडा दुग्ध वितरण आयोजना (१०) वोन प्रोसेसिङ्ग इण्डष्ट्रिज प्रा.लि. (११) यूनिभर्सल फुटवेयर प्रोडक्टस (१२) हेटौंडा सिमेन्ट उद्योग (१३) ओफा राइस एण्ड फ्लोर मिल (१४) पंच कन्या घोलु उद्योग (१५) श्री सरस्वती चक उद्योग ।

## तालिका नं. २

रोजगारीको आधारमा उद्योग प्रतिष्ठानहरू :-

| सि.नं. | उद्योग प्रतिष्ठानको संख्या | रोजगारीको संख्या |
|---|---|---|
| १. | २४ | १-२० जना सम्म |
| २. | ६ | २१-५० ,, |
| ३. | ६ | ५१-२०० ,, |
| ४. | ५ | २०१ भन्दा माथि |
| | ४१ | |

श्रोत:- सर्वेक्षण

## तालिका नं. ३

विभिन्न पेशामा संलग्न जनशक्ति :-

| सि.नं. | (क) उच्च स्तरिय प्राविधिक | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला |
| १. | केमिष्ट डिप्लोमा | १३ | – | ६ | – |
| २. | केमिष्ट सर्टिफिकेट | ६ | १ | – | – |
| ३. | मे.ई. डिप्लोमा | ८ | – | १ | – |
| ४. | मे.ई. सर्टिफिकेट | ४२ | – | २ | – |
| ५. | इलेक्ट्रिक ई. डिप्लोमा | ३ | – | २ | – |
| ६. | ,, ,, सर्टिफिकेट | १५ | – | – | – |
| ७. | ड्राफ्ट म्यान | २ | – | – | – |
| ८. | लेदर टेक्निसियन | २ | – | १ | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | रेफ्रिजरेशन वा एयर अन्डिशन इ. डिप्लोमा | १ | – | – | – |
| १०. | रेफ्रिजरेशन इ. सर्टिफिकेट | २ | – | १ | – |
| ११. | सिभिल इ. डिप्लोमा | १ | – | – | – |
| १२. | ,, ,, सर्टिफिकेट | १० | – | – | – |
| १३. | ल्याबोरेटरी टेक्निसियन | १९ | – | – | – |
| १४. | डेरी टेक्नोलोजिष्ट | ५ | – | – | – |
| १५. | अदर टेक्नोलोजिष्ट | ३ | – | – | – |
| १६. | फुड टेक्नोलोजिष्ट | १ | – | – | – |
| १७. | जुनियर ,, | २ | – | – | – |
| १८. | टेक्निकल असिस्टेन्ट | ५ | – | – | – |
| १९. | जुनियर टेक्निकल असिस्टेन्ट | १३ | – | – | – |
| २०. | क्वालिटि कन्ट्रोलर | ४ | – | – | – |
| २१. | ब्रु माष्टर तथा सहायक | – | – | २ | – |
| २२. | मेडिकल अफिसर | १ | – | – | – |
| २३. | हेल्थ असिस्टेन्ट | २ | – | – | – |
| २४. | केमिकल इ. डिप्लोमा | ३ | – | – | – |
| २५. | खानी अधिकृत | ७ | – | – | – |
| २६. | खानी सहायक | २ | – | – | – |
| २७. | वर्न अ.व. | १ | – | ३ | – |
| २८. | सिभिल फोर म्यान | ७ | – | – | – |
| | कूल जम्मा:- | १७९ | १ | १८ | – |

स्रोत :- श्रमेक्षण

| सि.नं. | (ख) मेनेजेरियल एण्ड क्लेरिकल जनशक्ति | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १ | डाइरेक्टर, वर्क्स प्रोप्राइटर | ४५ | ६ | ७ | – |
| २. | मेनेजर ए. मेनेजर | २४ | – | २ | – |
| ३. | क्वालिफाइड एण्ड सुपरभिजन अफिसर | १६ | – | – | – |
| ४. | एकाउण्टेन्ट डिप्लोमा | २० | – | – | – |
| ५. | ,, सर्टिफिकेट | ७८ | १ | – | – |
| ६. | क्यासियर(अधिकृत स्तर) | ५ | – | १ | – |
| ७. | क्लर्क क्यासियर | ३१ | ४ | – | – |
| ८. | प्रशासनिक सहायक | १३० | ७ | – | – |
| ९. | स्टेनोग्राफर टाइपिष्ट | ३९ | ८ | – | – |
| १०. | स्टोर किपर | ४९ | १ | – | – |
| ११. | टाइम किपर | १० | – | – | – |
| १२. | शाखा अधिकृत | १ | – | – | – |
| १३. | सेल्स अफिसर | १ | – | – | – |
| १४. | ,, असिस्टेन्ट | १ | – | – | – |
| १५. | एटेन्डर | ११ | – | – | – |
| १६. | सेल्स म्यान | २ | – | – | – |
| १७. | बगैंचे (माली) | १९ | १ | – | – |
| १८. | पियन, सुरक्षा गार्ड | ४०४ | २२ | – | – |
| १९. | स्विपर | – | १ | – | – |
| २०. | पर्सनल अफिसर | ४९ | १ | – | – |
| २१. | ज्यालादारी चौकिदार | ४ | – | – | – |
| | कुल जम्मा | ९०९ | ४७ | १० | – |

स्रोत :- सर्वेक्षण

| सि.नं. | (ग) दक्ष र अर्धदक्ष उत्पादनशील जनशक्ति | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १. | फोर म्यान टेक्निकल सुपरभाइजर | ८४ | ११ | – | – |
| २. | लेथ मेसिन अपरेटर | ६ | – | – | – |
| ३. | ब्लाक स्मिथ फोरजर | ५ | – | – | – |
| ४. | मेटल मोल्डर कास्टर | १४ | – | – | – |
| ५. | इन्जिनियरिङ्ग फिटर | २ | – | १ | – |
| ६. | वेल्डर एण्ड ग्यास कटर | ११ | – | – | – |
| ७. | प्लम्बर(पाइप फिटर ) | १३ | – | – | – |
| ८. | वेल्डर ग्यास कटर | ६ | – | – | – |
| ९. | टुल मेकर,डाइसेटर | १ | – | – | – |
| १०. | सिट कटर | २ | – | – | – |
| ११. | मोटर मेइकल मेकानिक्स | १ | – | – | – |
| १२. | कारमर | २५ | – | – | – |
| १३. | मेटल वर्कर | ६ | – | – | – |
| १४. | सेपर | ५ | – | – | – |
| १५. | जुनियर फोरम्यान | ३ | – | – | – |
| १६. | हेड मिल अपरेटर | १ | – | – | – |
| १७. | मिल अपरेटर | १३ | – | – | – |
| १८. | अटोइलेक्ट्रिसियन | २ | – | – | – |
| १९. | फर्नेन्स म्यान | २ | – | २ | – |
| २०. | ड्रिल म्यान | ८ | – | – | – |
| २१. | टर्नर | ६ | – | – | – |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | ड्राइभर | ६२ | – | – | – |
| २३. | इलेक्ट्रिसियन | ३६ | – | २ | – |
| २४. | सहायक इलेक्ट्रिसियन | १४ | – | – | – |
| २५. | ज्वाइन्टर | ४ | – | – | – |
| २६. | प्लान्ट अपरेटर | २६ | – | १३ | – |
| २७. | ब्वाइलर एटेन्डेन्ट | ८ | – | १ | – |
| २८. | ,, अपरेटर | १८ | – | – | – |
| २९. | ,, फायर म्यान | ६ | – | – | – |
| ३०. | विभर | ४१ | १०५ | ५१ | – |
| ३१. | टेक्सटाइल मेकानिक्स | ५४ | – | ७ | – |
| ३२. | डाइङ्ग माष्टर | – | – | १ | – |
| ३३. | वाइन्डर | १२ | ५७ | – | – |
| ३४. | फोल्डर टेक्सटायल | १२ | – | – | – |
| ३५. | प्रोसेस हाउस अपरेटर टेक्सटायल | १३२ | – | – | – |
| ३६. | वारपर | १ | १२ | २ | – |
| ३७. | लुम फिटर | ४३ | – | – | – |
| ३८. | लुम अपरेटर | ४५ | ११० | – | – |
| ३९. | वविन म्यान, कार्पेट मेकर | २६ | ८ | – | – |
| ४०. | स्टोकिङ्ग म्यान | १ | – | – | – |
| ४१. | सेटिङ्ग अपरेटर | २ | – | – | – |
| ४२. | टिपिङ्ग म्यान | १ | १ | – | – |
| ४३. | कम्पोजिटर | ६ | – | २ | – |
| ४४. | बुक बाइन्डर | ३ | – | – | – |
| ४५. | बेकरी टेक्निसियन | – | – | १ | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६. | ग्रेड मिस्त्री | १ | – | १ | – |
| ४७. | ,, हेल्पर | ८ | – | १ | – |
| ४८. | इन्जिन ड्राइभर | २ | – | – | – |
| ४९. | चालक ( लोडर ) | ९ | – | – | – |
| ५०. | ,, ( डोजर ) | ३ | – | – | – |
| ५१. | ,, (ट्याक्टर ) | १ | – | – | – |
| ५२. | ,, ( क्रेन ) | २ | – | – | – |
| ५३. | रोड रोलर | २ | – | – | – |
| ५४. | चालक डम्फर | १२ | – | – | – |
| ५५. | ,, फोर्क लिफ्ट | २ | – | – | – |
| ५६. | डेरी ब्वाई | ५७ | – | – | – |
| ५७. | दुध संकलन सहायक | २३ | – | – | – |
| ५८. | कार्पेन्टर, क्याबिनेट मेकर | ६२ | १८२ | ७ | – |
| ५९. | कार्पेन्टर, हेल्पर | २३ | – | ४ | – |
| ६०. | स्प्रे पेन्टर | ३ | – | – | – |
| ६१. | पम्प म्यान | ३ | – | – | – |
| ६२. | मेकानिक्स, जु. मेकानिक्स | ६५ | – | – | – |
| ६३. | हेल्पर जु. हेल्पर | १९७ | – | – | – |
| ६४. | ,, ,, ,, | ३७ | – | – | – |
| ६५. | ल्याब ब्वाई | २ | – | – | – |
| ६६. | प्राविधिक सहायक | – | ३ | – | – |
| ६७. | खाद्य जांचकी | ३ | – | – | १ |
| ६८. | ट्यानेरी वर्कर | ५६ | २ | – | – |
| ६९. | ब्लक मेकर | ६ | – | – | – |
| ७०. | साइजर | १३ | – | – | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१. | फ्रेम अपरेटर | २ | ११६ | – | – |
| ७२. | व्वाइल म्यान | ७ | – | – | – |
| ७३. | गेडिङ०ग मेशिन अपरेटर | २ | – | – | – |
| ७४. | मेशिन अपरेटर | ४ | – | – | – |
| ७५. | कटिङ०ग अपरेटर | १ | – | – | – |
| ७६. | फिनिसिङ०गको कामगर्ने | २ | – | – | – |
| ७७. | मिल मिस्त्री | १ | – | – | – |
| ७८. | ह्याण्ड लुप चलाउने | २ | ५ | – | – |
| ७९. | मेशिन म्यान | ५ | – | – | – |
| ८०. | ,, हेल्पर | २ | – | – | – |
| ८१. | ट्रेनिज | १ | – | – | – |
| ८२. | प्रिटिङग म्यान | १ | – | १ | – |
| | कूल जम्मा :- | १४३६ | ६१२ | ६७ | १ |

श्रोत :- शर्मदाण

| सि.नं. | (घ) अन्य अदक्ष श्रमिकहरू | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | पुरूष | महिला |
| १. | श्रमिक | ५०८ | २० | – | – |
| २. | दैनिक ज्यालादारी | २४ | – | – | – |
| | कुल जम्मा :- | ५३२ | २० | – | – |

श्रोत :- शर्मदाण

तालिका नं. ४

हाल कार्यरत जनशक्ति र रोजगारीको क्षमता :-

| क्र.सं. | उद्योग प्रतिष्ठानहरू | संख्या | हाल कार्यरत संख्या | रोजगारीको क्षमता |
|---|---|---|---|---|
| १. | फर्निचर उद्योगहरू | ६ | १४६ | १४६ |
| २. | ईन्जिनियरिङ्ग वर्क्स | ५ | ८२ | ९६ |
| ३. | प्रेस उद्योगहरू | ४ | ३२ | ३४ |
| ४. | खाद्य उद्योगहरू | ४ | १५२ | १५२ |
| ५. | कपडा उद्योग | २ | १४६४ | १४६४ |
| ६. | पाउरोटी उद्योग | २ | २१ | २१ |
| ७. | अन्य उद्योगहरू | १५ | १८६५ | २५११ |
| | जम्मा :- | ४१ | ३८६२ | ४४२४ |

श्रोत :- सर्वेक्षण

## तालिका नं. ५

कार्यरत गैर नेपाली जनशक्ति :-

| क्र.सं. | उद्योग प्रतिष्ठानहरू | संख्या | नेपाली | गैर नेपाली | जम्मा |
|---|---|---|---|---|---|
| १. | फर्निचर उद्योगहरू | ९ | १३५ | ११ | १४६ |
| २. | इन्जिनियरिङ्ग वर्क्स | ५ | ८० | २ | ८२ |
| ३. | प्रेस उद्योगहरू | ४ | २९ | ३ | ३२ |
| ४. | खाद्य उद्योगहरू | ४ | १५१ | १ | १५२ |
| ५. | कपडा उद्योग | २ | १३९० | ७४ | १४६४ |
| ६. | पाउरोटी उद्योग | २ | १८ | ३ | २१ |
| ७. | अन्य उद्योगहरू | १५ | १९३३ | ३२ | १९६५ |
| | जम्मा :- | ४१ | ३७३६ | १२६ | ३८६२ |

श्रोत :- शर्वेक्षण

## तालिका नं. ६

भाग गरिएको तालिमको विषय :-

| क्र.सं. | विषय | संख्या |
|---|---|---|
| १. | मिलर | ३ |
| २. | क्वालिटि कन्ट्रोलर | २ |
| ३. | वेल्डिङ्ग | १० |
| ४. | टर्नर | ५ |
| ५. | कार्पेन्टर | ३० |
| ६. | मेशिन अपरेटर | २० |
| ७. | सोप मेकर | ४ |
| ८. | कम्पोजिटर | ८ |
| ९. | प्रेकर | ४ |
| | जम्मा :- | ८६ |

श्रोत :- शर्वेक्षण